# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, आश्विन २५ गते, २०७९ साल (अतिरिक्ताङ्क २६

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

### प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (तेश्रो संशोधन) आदेश, २०७८

प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आन्तरिक मामिला तथा ... त्रालय, प्रदेश नं. १

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "**प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (तेश्रो संशोधन) आदेश, २०७८**" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ (यस पछि "आदेश" भनिएको) दफा १५ मा संशोधनः** आदेशको दफा १५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) उपाध्यक्ष तथा सदस्यले सपथ ग्रहण गरेको मिति देखि अनुसूची-२ बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा पाउने छन्।

(२) प्रदेश सरकारले अनुसूची-२ मा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।"

३. **आदेशको अनुसूची-२ मा हेरफेरः-**

- अनुसूची-२ मा सदस्यको अन्य सुविधा अन्तर्गत सि.नं. ४ को सवारी-१ को सट्टा "प्रति महिना यातायात खर्च रु. २०,०००।-" राखीएको छ।
- अनुसूची-२ मा सदस्यको अन्य सुविधा अन्तर्गत सि.नं. ५ र ६ हटाइएको छ।

स्वीकृति मितिः- २०७८/१२/२१

आज्ञाले,
ईश्वर कुमार गिरी
सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १